**प्रस्तावहरुः**

२०८१/०८२-११।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-११।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-११।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-११।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-११।०५ रूपा गाउँपालिका कास्कीको स्थापना दिवसको समिक्षा तथा खर्च अनुमोदन सम्बन्धमा ।

२०८१/०८२-११।०६ आर्थिक वर्ष २०८१/०८२ को आय, व्यय सहितको तेस्रो चौमासिक प्रतिवेदन र सोको सार्वजनिकीकरण सम्बन्धमा ।

२०८१/०८२-११।०७ शिक्षकहरूको दरबन्दी मिलान, पदस्थापन तथा भर्ना अभियान सञ्चालन सम्बन्धमा ।

२०८१/०८२-११।०८ आर्थिक वर्ष २०८२/०८३ को लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा ।

२०८१/०८२-११।०९ विषयगत समितिका वैठक तथा निर्णय सम्बन्धमा ।

२०८१/०८२-११।१० पर्यटन पुर्वाधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२०८१/०८२-११।११ विविध सम्बन्धमा ।

खर्च अनुमोदन सम्बन्धमा ।

सवारी साधन मर्मत सम्बन्धमा ।

रूपा गाउँपालिका कास्कीको लैङ्गिक समानता र सामजिक समावेशीकरणी परीक्षणको लागि कार्यक्षेत्रगत शर्त २०८१/०८२ स्वीकृत सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-११।०१**

प्रस्ताव नं २०८१/०८२-११।०१ उपर छलफल गर्दा १६१औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-११।०२**

प्रस्ताव नं २०८१/०८२-११।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-११।०३</u>**

प्रस्ताव नं २०८१/०८२-११।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-११।०४</u>**

प्रस्ताव नं २०८१/०८२-११।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

विद्युतीय चुलो प्रवर्धन कार्यक्रम

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-११।०५</u>**

प्रस्ताव नं २०८१/०८२-११।०५ उपर छलफल गर्दा मिति २०८१ फाल्गुण २७ गते सञ्चालित रूपा गाउँपालिका स्थापना दिवस मुल समारोहमा भए, गरेका कमि कमजोरीहरू सुधार गरी आगामी कार्यक्रमहरू थप परिष्कृत गरी खर्चमा मितव्ययी भइ सञ्चालन गर्ने । साथै उक्त स्थापना दिवस मूल समारोहका भएको तपसिलको खर्च अनुमोदन गरियो ।साथै उक्त कार्यक्रमलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने समितिका संयोजक तथा सदस्यहरू, जनप्रतिनिधिहरू, स्वयंमसेवकहरु, पत्रकार लगायत सम्पुर्ण रूपाबासीलाई धन्यवाद सहित धन्यवाद प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | खर्च शिर्षक | दर/संख्या | जम्मा दिन | कुल खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुरस्कार रकम भलिवल तर्फ | | | १७५६६५ | |
| २ | पुरस्कार रकम झाँकी तर्फ | | | ६५००० | |
| ३ | झाँकी तर्फ सहभागी खर्च र बाजा खर्च | | | २७७००० | |
| ४ | पुरस्कार माला प्रतियोगिता तर्फ | | | १२००० | |
| ५ | रेफ्री खर्च (४ दिन) | ४*२५०० | ४ दिन | ४०००० | |
| ६ | निर्णायिक झाँकी / माला/कलाकार तर्फ | | | ४७००० | |
| ७ | टेण्ट | | | ११८६५० | |
| ८ | साउण्ड सिस्टम | | | ३१९७९ | |
| ९ | भलिवल जर्सी अफिसियल ड्रेस | | | ६९३०० | |
| १० | ताम्रापत्र/सम्मानपत्र छपाई | | | १५९९५० | |
| ११ | खाना खाजा अतिथी स्वयंमसेवक | | | १९४९३५ | |
| १२ | ट्रफि मेडल प्रमाणपत्र व्यानर सम्पूर्ण छपाई | | | ४९१२७ | |
| १३ | स्वयंमसेवक | | | ६०४०४ | |
| १४ | अफिसियल व्यवस्थापक भलिवल तर्फ | | | २४००० | |
| १५ | फोटोग्राफि भिडियोग्राफी | | | ८३००० | |
| १६ | खेलकुद सामाग्री | | | ५६१०४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | मायाको चिनो (मह चामल) | | | ७८००० | |
| १८ | SEE उत्कृष्ट विद्यार्थी सम्मान | | | ५००० | |
| १९ | विविध फलफुल पेपर पिलेट मन्चसजावट लागायत दोसल्ला अन्य) | | | ८२१७९ | |
| जम्मा | | | | १६२९२९३ | |

## कार्यपालिका निर्णय नं २०८१/०८२-११।०६

प्रस्ताव नं २०८१/०८२-११।०६ उपर छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतद्वारा पेस भएको रूपा गाउँपालिका कास्कीबाट आर्थिक वर्ष २०८१।०८२ को आय, व्यय सहित तेस्रो चौमासिक प्रतिवेदन अनुमोदन गरी उक्त प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरियो ।

## .कार्यपालिका निर्णय नं २०८१/०८२-११।०७

प्रस्ताव नं २०८१/०८२-११।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका शिक्षा समितिद्वारा पेस भएका तपसिलका शिक्षकहरूको दरबन्दी मिलान तथा सिफारिस भइ आएका प्रा वि तृतीय स्थायी शिक्षकहरूको पदस्थापन गर्ने निर्णय गरियो ।साथै शैक्षिक सत्र २०८२ को लागि भर्ना अभियानलाई सक्रिय रूपमा कार्यान्वयन गर्ने, गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | नाम, थर | ठेगाना | पदस्थापन हुने विद्यालय | विस्थापित | कैफियत |
|---|---|---|---|---|---|
| १ | कमला तिवारी | आँधिखोला १ स्याङ्जा | श्री रामकोट मा वि रुपा ७ | रिक्त | |
| २ | अस्मिता ढकाल | मादी १२ कास्की | श्री इन्द्रायणी आ वि रुपा ७ | रिक्त | |
| ३ | शंकर सुवेदी | रूपा ७ कास्की | श्री सरस्वती आ वि रूपा १ | नवराज खनाल | |
| ४ | रिता के.सी गौतम उपाध्याय | पोखरा १७ कास्की | श्री कालिका मा वि रूपा १ | रिक्त | |
| ५ | निकिता परियार | व्यास ६ तनहुँ | श्री रिठुमाला आ वि रूपा १ | चन्द्रमाया खनाल | |
| ६ | दुर्गा देवी सुवेदी | आँधिखोला ३ स्याङ्जा | श्री कुलेश्वर आ वि रूपा २ | रिक्त | |
| ७ | लाल परी | बुढीगंगा १ बाजुरा | श्री कल्प आ वि रुपा ४ | रोमन कुमारी सिंह | |

## कार्यपालिका निर्णय नं २०८१/०८२-११।०८

प्रस्ताव नं २०८१/०८२-११।०८ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ को लागि रूपा गाउँपालिका कास्कीको नीति तथा कार्यक्रम तयार गरी आगामी कार्यपालिका बैठकमा पेस गर्नेगरी सम्बन्धित समितिलाई निर्देशन दिने निर्णय गरियो ।रूपा गाउँपालिका कास्कीको राजस्व परामर्श समितिको निर्णयबाट अनुमानित राजस्व, संघीय तथा प्रादेशिक सरकारद्वारा अनुमानित सिमामा रहेर आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम निर्माणको लागि कारबाही अगाडि बढाउन सम्बन्धित समिति तथा कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-११।०९**

प्रस्ताव नं २०८१/०८२-११।०९ उपर छलफल गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुन बमोजिम गठित विषयगत समितिहरूको नियमित बैठक बसी कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने र नियमित प्रगति प्रतिवेदन पेस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-११।१०**

प्रस्ताव नं २०८१/०८२-११।१० उपर छलफल गर्दा नेपाल पर्यटन वोर्डद्वारा आर्थिक वर्ष २०८१।०८२ को लागि रूपा गाउँपालिका कास्कीमा कार्यान्वयन गर्नेगरी स्वीकृत कार्यक्रम अन्तर्गत रूपा गाउँपालिका वडा नं ७ मा रोयल ट्रेक प्रवर्धनका लागि सग्रवास रामकोट सिँढीबाटी रकम रू १० लाख खर्च हुनेगरी निर्माण प्रक्रिया अगाडि बढाउने ।साथै उक्त योजनाको लागि गाउँपालिकाको तर्फबाट अधिकतम २० प्रतिशत लागत साझेदारी रहने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-११।११**

प्रस्ताव नं २०८१/०८२-११।११ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धी निर्देशका, २०७५ बमोजिम गरिब परिवार पहिचान तथा परिचयपत्र वितरणका लागि तथ्याङ्क सङ्कलन गरिएका रूपा गाउँपालिका कास्कीका परिवारहरूमध्ये गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गुनासो सुनुवाइका लागि पठाइएका प्रारम्भिक परिवारहरूको नामावलीमा थप, घट लगायतका गुनासो सुन्नेगरी गुनासो सुनुवाइ अधिकारी खटाइएकोमा प्रारम्भिक सूची सहितको सूचनाका आधारमा पेस भएका निवेदनहरू, गुनासो सुनुवाइ अधिकारीहरूको स्थलगत प्रतिवेदन र रूपा गाउँपालिका कास्कीको गुनासो सुनुवाइ समितिको मिति २०८१/१२/११ को निर्णयानुसार सिफारिस भइ आएका १०५ जना गैर गरिब वर्गमा सूचीकृत भएका परिवारहरूलाई अति गरिब परिवारको वर्गमा समावेश गर्ने तथा सामान्य गरिब वर्गमा सूचीकृत भएको १ परिवारलाई अति गरिब वर्गमा समावेश गर्नेगरी भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

ख) आर्थिक वर्ष २०८१/०८२ को लागि रूपा गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम बजेट शिर्षकमा गाउँसभाबाट रकम रु. १०,००,०००/- (दस लाख) विनियोजन भएको। रूपा गाउपालिका वडा न ५ मा रहेको देउराली-रामदी मोटरबाटो अन्तर्गत बाघभञ्ज्याङमा ग्याविन जाली भर्नुपर्ने देखिएकाले उक्त कार्यको लागि प्राविधिक लागत इस्टिमेटका आधारमा रकम रु. ८००००/-(असी हजार) उल्लिखित खर्च शिर्षकमा खर्च लेख्नेगरी योजना सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ग) रूपा गाउँपालिका वडा नं १ मा रहेको जटेश्वर मा.वि मा विद्यार्थी सङ्ख्या न्यून भएको र सोही वडाको कुलेश्वर आधारभुत विद्यालयमा शिक्षकको दरबन्दी न्यून भएकाले जटेश्वर माविमा भएको प्रा वि तृतीय दरबन्दीलाई स्थानान्तरण गरी कुलेश्वर आविमा थप गर्ने निर्णय गरियो ।

घ) हिउँदको समयलाई मध्यनजर गरी रूपा गाउँपालिकामा हुन सक्ने डढेलो लगायतका वन विनास सम्बन्धी समस्यालाई न्यूनीकरण तथा रोकथाम गर्नका लागि वडास्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

ङ) रूपा गाउँपालिका वडा नं ५ मा रहेको विश्वशान्ति माध्यमिक विद्यालयमा कार्यालय सहयोगीको पद रिक्त रहेकाले उक्त पदमा नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक भुक्तानी गर्ने गरी सेवा करारमा नियुक्तिका लागि प्रक्रिया अगाडि बढाउन स्वीकृति दिने निर्णय गरियो।

च) रूपा गाउँपालिकामा अन्तर्गत खोलाकोछेउ थुम्की सडकको थुम्की भन्ने ढाउँमा पहिरो जानसक्ने सम्भावनालाई मध्यनजर गरी उक्त स्थानमा सम्भावित जोखिम नियन्त्रणका लागि बायो इन्जिनियरिङको कार्य प्रक्रिया अगाडि बढाउने ।

छ) रूपा गाउँ कार्यपालिकाको कार्यालयको नाउँमा रहेको ग १ ब. १८३३ नम्बरको मोटरसाइकल मिति २०८२/११/२५ गते रूपा-६ किराको खोर स्थित सालघारीमा दुर्घटना भइ पुर्ण रूपमा क्षती भएको भनी स्थलगत मुचुल्का सहित काजात पेस भएको। नियमित सेवा प्रवाहमा सवारी साधन आवश्यक हुने र नयाँ सवारी साधन खरिद गर्दा दायित्व समेत बढ्ने हुँदा बढीमा १ लाख खर्च गर्ने तथा सवारी साधन मर्मत खर्च शिर्षकबाट खर्च लेख्नेगरी उक्त मोटरसाइकल मर्मत गर्ने निर्णय गरियो ।

ज) रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८०/०८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागी लागत अनुमान सहित तयार गरिएको **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका कार्यक्षेत्रगत शर्त २०८१/०८२** संशोधन सहित स्वीकृत गरी परीक्षण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

झ) रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालित योजना तथा कार्यक्रमहरूको सामाजिक परीक्षणको लागि **सामाजिक परीक्षणका लागि कार्यक्षेत्रगत शर्त २०८१/०८२** संशोधन सहित स्वीकृत गरी परीक्षण प्रक्रिया अगाडि बढाउने ।

मिति २०८१ चैत्र १२ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की